26

# श्री राष्ट्रिय सूचना आयोगको
# आदेश

मु.नं. ५५/२०६८/०६९

राष्ट्रिय सूचना आयोग
२०६५

जिल्ला मोरङ्ग विराटनगर उपमहानगरपालिका वडा नं. ५ वस्ने श्री सुस्मा सुवेदी........................१ पुनरावेदक

विरूद्ध

प्रमुख, उच्च माध्यामिक शिक्षा परिषद, सानो ठिमी भक्तपुर ........................................१ विपक्षी

**विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।**

जिल्ला मोरङ्ग विराटनगर उपमहानगरपालिका वडा नं. ५ वस्ने श्री सुस्मा सुवेदीले उच्च माध्यामिक शिक्षा परिषद, सानो ठिमी भक्तपुर समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०६८।११।२६ मा पुनरावेदन गरेको र यस आयोगबाट बिभिन्न मितिमा भएको आदेश वमोजिम उच्च माध्यामिक शिक्षा परिषद, सानो ठिमी भक्तपुरको मिति २०७०।०३।१२, प.सं. ०६९/०७० च.नं.६१९ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई उपलब्ध गराएको र Computer Entry गर्ने र रुजु गर्ने कर्मचारीलाई समेत सचेत गराईसकेको बोधार्थ पत्र यस आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्ने । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| ........................ | ........................ | ........................ |
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल माघ २२ गते रोज ५ शुभम् ।